अनुमोदन राष्ट्रिय दैनिक
anumodankhabar.com
अधिकार सम्पन्न, समृद्ध र सुन्दर सुदूरपश्चिमको आवाज
# अनुमोदन
राष्ट्रिय दैनिक

**स्वास्थ्य र सौन्दर्यका लागि**
शरिरको अनावश्यक तौल घटाउने स्लीम प्लस । Hot shapper belt दुब्लो पातलो शरिरको तौल बढाउने । अनुहारको चाँयापोतो, डन्डीफोर हटाउने क्रिम पाईन्छ ।
सम्पर्क
**स्वास्थ्य सरोकार केन्द्र**
धनगढीः- ०९१-५२७४०६, ९८०१५००९९९
टीकापुर :- ०९१-५६१२९९, ९८५८४२१७७४

वर्ष : २२ | अंक २७८ | पृष्ठ ४ | साउन ११ आइतवार २०७७ | 26 Jul. Sun. 2020 , | नेपाल संवत ११४० | मूल्य रु. ५।-

# आधारभूत सेवाबाट बञ्चित एउटा वस्ती

•शेरबहादुर ऐर/धनगढी

शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी र यातायात मान्छेका आधारतभूत आवश्यकता हुन र राज्यले प्रत्येक नागरिकलाई न्यायोचित रुपमा यी सेवा पुराएकै हुनुपर्दछ । दुर्गमभन्दा दुर्गम वस्तीमा पनि अहिले सडक, खानेपानी, स्वास्थ्य सेवा, शिक्षाको प्रबन्ध भएको पाइन्छ । तर, सुदूरपश्चिम प्रदेशको सबैभन्दा विकसित मानिएको कैलालीमा एउटा वस्ती यस्तो छ, जहाँ अहिले पनि राज्यले आधारभूत सेवा पुराउन सकेको छैन ।

कैलालीको गोदावरी नगरपालिका वडा नम्बर ५, गेटीस्थित मुक्त कमैया शिविरका बासिन्दा विद्युत, खानेपानी, शौचालय लगायतका सेवाबाट अहिलेसम्म पनि वञ्चित छन ।


गोदावरी–५, गेटीका मुक्त कमैयाले प्रयोग गर्दै आइरहेको शौचालय । *तस्बिरः शेरबहादुर ऐर/अनुमोदन*

सरकारले २०५७ साल भदौ २ गते मुक्त कमैया घोषणा गरेको थियो । २०५८ सालमा गेटीमा ३२ जना परिवारलाई लगेर बसोबासको व्यवस्था गरेको थियो । बस्ती बसेको १९ वर्ष पुग्नै लाग्दा समेत सो क्षेत्रमा रहेका मुक्त कमैया परिवारले भने न त विद्युत देख्न पाए न त खानेपानी घरमै पुगेको हेर्न पाएका छन ।

मुक्त कमैया शिविरकी रतरानी देवी चौधरीले भनिन– यहाँ न त विद्युत छ न त खानेपानीको व्यवस्था । सरकारसंग माग गरिरहेका छौ तर, कसैले ध्यान दिँदैन ।

उनले विद्युत नहुँदा राती अन्धकारमा बस्नु परेको गुनासो गरिन । अहिले सञ्चारले पनि व्यापकता पाइसकेको छ । उनको हातमा पनि सञ्चारका नाममा मोबाइल थियो । उनले मोबाइल देखाउँदै भनिन– यहाँ विद्युत नहुँदा दैनिक पसलमा १६ रुपैयाँ तिरेर चार्ज गराउँछौं ।' उनले दैनिक ज्यालादारीमा काम गर्ने मुक्त कमैयालाई यसरी मोबाइल चार्ज गराउन पनि सम्भव नरहेको बताइन ।

मुक्त कमैया शिविरकी ममतादेवी डङ्गौराले पनि खानेपानी, विद्युत लगायतका सेवा नहुँदा सास्ती खेप्नुपरिरहेको बताइन । उनले भनिन– वरिपरीका वस्तीमा विद्युत छ । हाम्रो वस्तीमा विद्युत कार्यालयले पोल नदिँदा विद्युत सेवाबाट वञ्चित हुनुपरिरहेको छ ।

उनले पानी लिन पनि १०/१५ मिनेट हिँडेर जानुपर्ने अवस्था रहेको बताइन । 'नजिकै एउटा सार्वजनिक खानेपानीको धारा छ । हामी त्यहीबाट पानी भरेर ल्याउँछौं र उपयोग गर्छौं' उनले भनिन ।

गोदावरी नगरपालिकाका वडा नम्बर ५ का वडा अध्यक्ष कर्णबहादुर बोहराले 'जग्गा विवादका कारण सो वस्तीमा विद्युत सेवा पुगाउन नसकिएको' बताए । उनले भने –'शुरुमा यो जग्गा वनको थियो र अहिले निर्माणाधिन गेटा मेडिकल कलेजको स्वामित्वमा रहेको छ ।' उनले पटक–पटक स्थानीय प्रशासनसंग वस्तीको समस्या समाधानको माग राख्दा पनि वास्ता नगरेको गुनासो गरे ।

***वस्ती रहने की उठाउने ?***

२०५८ सालमा बसाएको गेटीको मुक्त कमैया शिविर वस्तीको अवस्था के हुने अहिले पनि टुङ्गो छैन । शुरुमा सामुदायिक वनको स्वामित्वमा रहँदा सरकारले सो क्षेत्रमा ३२ परिवारको बसोबास गरेको थियो । अहिले सो जग्गा निर्माणाधिन गेटा मेडिकल कलेजको स्वामित्वमा रहेको छ । जसका कारण सो वस्तीका मानिसको जतिखेर पनि उठिबास हुन सक्ने अवस्था आएको वडा अध्यक्ष बोहराले बताए ।

'अहिले गेटा मेडिकल कलेज निर्माणाधिन अवस्थामा छ । कलेजको भौतिक संरचना निर्माण भइ अध्यापनका काम अघि बढे वस्तीको व्यवस्थापन गर्नुपर्ने हुन्छ' उनले भने 'त्यो अवस्थामा बस्तीलाई कता लगेर बसाउने भन्ने पनि टुङ्गो लाग्न सकेको छैन ।' उनले वस्तीको व्यवस्थापनका लागि तीनै तहका सरकारले सोच्नुपर्ने बताए । अहिले सो वस्तीमा ३७ घर रहेका छन ।

मेडिकल *(बाँकी ३ पेजमा)*

कोभिड १९ संक्रमितको जिल्लागत अवस्थाः

| अछाम | बैतडी | बझाङ | बाजुरा | डडेल्धुरा | दार्चुला | डोटी | कैलाली | कन्चनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ६३७ | ३०३ | १७१ | ४४६ | २९५ | २० | ६०५ | १०७५ | ५१३ | ४,०६५ |

**सुदूरपश्चिम प्रदेशमा कोरोना**

# थप २४ जनामा कोरोना पुष्टि

अनुमोदन समाचार/धनगढी

सुदूरपश्चिम प्रदेशमा थप २४ जनाको कोरोना पुष्टि भएको छ । डडेल्धुरा प्रयोगशालामा भएको परीक्षणमा २०, सुर्खेत प्रादेशिक अस्पतालमा भएको परीक्षणमा दुई जना, धनगढी प्रयोगशाला र पाटन अस्पतालमा भएको परीक्षणमा एकरएक जना गरी थप २४ जनामा कोरोना पुष्टि भएको हो ।

डडेल्धुरामा भएको परीक्षणमा डोटीका १३, डडेल्धुराका चार र बैतडीका तीन जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डाक्टर जागेश्वर गौतमले बताए । उनका अनुसार पाटन अस्पतालमा भएको परीक्षणमा अछामका एक जनामा पनि संक्रमण पुष्टि भएको छ । यस्तै सुर्खेत प्रादेशिक अस्पतालमा भएको परीक्षणमा अछामका थप दुई जनामा संक्रमण पुष्टि भएको डाक्टर गौतमले बताए ।

यस्तै धनगढीस्थित सेती प्रादेशिक अस्पतालको प्रयोगशालामा पछिल्लो २४ घण्टामा तीन सय ६० जनाको कोरोना परीक्षण गरिएको छ । सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलिप कुमार श्रेष्ठका अनुसार तीन सय ६० जनाको कोरोना परीक्षण गर्दा एक जनामा मात्रै संक्रमण पुष्टि भएको छ ।

कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नम्वर १३ का १७ बर्षीय युवकमा संक्रमण पुष्टि भएको उनले जानकारी दिए ।

**दुई कोठा भाडामा**

धनगढी उपमहानगरपालिका वडा नं. ८ सेतोपुल नजिकै (क्याम्पस रोड) जाने बाटोमा पक्की घर भएको २ कोठा पक्की भएको र भाडामा लिन चाहने महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला । साथै सबै सुविधा भएको र घर भाडा प्रति कोठा रु. १५००/- मात्र ।

**सम्पर्क नम्बर**
९८०४६०९३२२

# किरा धपाउन गुरही

अनुमोदन समाचार/धनगढी

कृषिबाली र समुदायमा नकारात्मक असर गर्ने किरालाई भगाउने विश्वासकासाथ पश्चिम नेपालको तराईका थारु समुदायले शनिबार 'गुरही पर्व' मनाएका छन् ।

हरेक वर्ष नाग पञ्चमीका दिन मनाइने 'गुरही पर्व' थारु समुदायले 'गुरही' नामको फट्यांग्रा प्रजातिका किरालाई केराको पातको सिन्काले चुटेर र कृषिवालीको पुजा गरेर मनाएका हुन् । नेपालमा नागपञ्चमीपछि सर्पहरू पृथ्वीबाट गुप्तबास लाग्ने विश्वास रहे जस्तै थारु समुदायमा किरा फट्यांराहरू गुरहीबाट नास हुने विश्वास छ । उनीहरूले पछिल्लो पटक आएको 'सहल' किरा पनि फट्यांग्रा प्रजातिका रहेको र यो पर्वपछि उनीहरू नास हुने विश्वास व्यक्त गरेका छन् ।



गाउँभरीमा बासिन्दा एउटा चोकमा जम्मा भइसकेपछि चोकमा उम्रेको 'कुश' एक सासमा उखेलेर केटाहरूले केराको पातेडाँठ, कुशको सोंटा (कोर्रा) हिर्काउने र महिलाहरूले आफूले कपडाको बनाएर ल्याएका 'गुरही' अथवा गाइने किरा त्यसै ठाउँमा फाल्ने चलन छ । कुश उखेलेपछि निस्किएका ति किरा र सर्पहरूलाई पुरुषहरूले पिटेर धपाएको विश्वास रहेको थारु युवा माधव चौधरीले बताए ।

यसरी पिटेर किरा धपाइसकेपछि पुरुषहरूले महिलाहरूसंग मकै, मटर र चनाको भुजा 'घुघ्री दे, घुघ्री दे' भन्दै मागेर खाने चलन छ । महिलाहरूले गाइने किराको आकृति बनाएर ल्याएको ढकिएमा यि खानेकुराहरू समेत राखेर ल्याएका हुन्छन् ।

पश्चिमका देउखरिया र देसाउरिया थारु समुदायले यो पर्व मनाउने गरेका छन् । उनीहरूसंग पछिल्लो समयमा डगौराथारु समुदायले पनि गुरही मनाउन थालेका छन् ।

पछिल्लो समयमा धनगढी लगायतका शहरी क्षेत्रमा गुरही पर्वलाई उत्सवको रुपमा औपचारिक कार्यक्रम गरी मनाउन थालिएको छ । पछिल्ला केही पर्वयता धनगढीमो क्याम्पस *(बाँकी ३ पेजमा)*

**सैपाल ग्यास डिलर आवश्यकता**



एलपी ग्यास क्षेत्रमा नेपालकै अग्रणी समूहद्वारा प्रवर्द्धित यस सैपाल ग्याँस उद्योगबाट सुदूरपश्चिम प्रदेशमै पहिलो पटक अत्याधुनिक युरोपियन स्वचालित प्रविधिबाट उत्पादित एकमात्र भरपर्दो, विश्वासिलो एवम् किफायति सैपाल ग्याास बजारमा सर्वत्र उपलब्ध छ ।



साथै सहज बजारीकरणका लागि सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र प्रदेश नम्बर ५ मा सैपाल ग्याासका बिक्रेता हुन इच्छुक व्यक्ति वा फर्महरुलाई यथाशीघ्र सम्पर्क गर्नुहुन सहर्ष जानकारी गराउँदछौं ।

*सैपाल ग्यास.......सबैको भान्साको साथी*

**सैपाल ग्याँस प्रा. लि.**
**गोदावरी नगरपालिका वडा नम्बर १, अत्तरिया कैलाली**
**सम्पर्क नम्बर : ९८५८४९१०४१, ९८५८४९१०४२**
**Email Address: saipalgaskailali2074@gmail.com**

## साहित्यिक विशेष

# बज्यैको पाण्डुलिपि

त्रिभुवनचन्द्र वाग्ले

छत्रीले टाउको छेकिएको मात्र थियो । बज्यैको गुन्यू भिजिसकेको थियो । उहाँले नै ल्याएर बारीको किलामा थोरे बाँध्नुभएको थियो । बज्यै भन्नुहुन्थ्यो, 'यसले राँगो खोजेको छ ।' थोरेलाई बाँधेपछि त्यतैबाट बज्यैले जिम्माल बँको गोठमा पुगेर जाडे (राँगो) फुकाइदिनुभयो । राँगो उदासीभावले थोरेतिर आयो । उसको हिँडाइमा कुनै ऊर्जा थिएन, सामर्थ्य गुमाएको सिपाही जस्तो । हिजोअस्ति त जाडे थोरे देख्नेबित्तिकै मूर्च्छा परेर भाग्थ्यो । मानौं, ऊ भक्कुको राँगो हो, उसमा नशा हुन्थ्यो, हुन्नथ्यो होस । तर त्यस दिन त्यस्तो थिएन । झरीले हुन सक्छ । भदौरे झरी तीन दिनदेखि निरन्तर छ ।

'यो बाली गएर ब्यायो भने लागेको सबै ऋण तिर्नेछु.,' बज्यैले औंला गन्नुभो, 'जेठअसारमा ब्याउँछ ।'

जाडे थोरेतिर हेर्दैन, कोदो चर्न थाल्यो । उता थोरे आइँआइँ गरेर पुच्छर उचालिरहेको छ । पातलो सेप फालेको छ, उसले ।

'कस्तो मुर्दा नामर्द हो,' बज्यैले जाडेलाई कोदोबारीबाट थोरेतिर ल्याउने प्रयास गर्नुभयो । अहँ जाडे आउन मान्दैन । बज्यैले चामल, सिम्रिक, कपास ल्याएर नाग मन्साउनुभयो । भन्नुहुन्थ्यो– नाग उठाएर कसैले राँगोलाई थोरेप्रति वितृष्णा जगाएको हुन सक्छ । महिलाले नागपूजा गर्न नभए पनि धूप, अक्षताले मन्साएर पञ्चमीका दिन कुनै मर्दनालाई पूजा गर्न लगाउनुपर्छ ! बज्यैले ठोट्नेको पातमा नुन, ज्वानो, कुराउनी र बिलाउनी मिलाएर जाडेलाई खुवाउनुभयो । रागो लाटो भयो भने यसरी सुन्याउनुपर्छ भन्ने बज्यैलाई थाहा रहेछ । तर जाडेमा कुनै परिवर्तन आएन, कोदोबारीतिर गइरहन्थ्यो ।

'बज्यै जाडेलाई किन पूजा गर्नुभएको,' हिलो पानीमा खेलिरहेका केटाकेटीले सोधे ।

'कुन्नि किन मोरा हो, यो हिलोले राति ज्यान चिलाएर मर्छौ नि !' बज्यैले विषयान्तर गर्नुभयो ।

'आज धेरै भैंसी ल्याएका थिए, जिम्माल बा ?' बज्यैले सोध्न नपाउँदै जिम्माल बाले सुक्खा स्वरमा हकारे, 'किन चाहियो, कति भैंसी ल्याए ? जाडे थोरेमाथि चढ्दैन त, म चढौं ? किलाबाट निकालेपछि चार्ज लाग्छ ।'

जाडेले एउटा भैंसी 'बनाए'बापत पाँच रूपैयाँ दाम, मकै वा कोदोको चार माना पीठो, एक पसर नुन र चार मूठा घास दस्तुर तिर्नुपर्थ्यो । त्यस्तो दस्तुरलाई गाउँतिर 'ब्याडे भाग' भन्थे । तर जिम्माल बा उतिखेरको बर्द्धबहादुर गणमा हबल्दार भएकाले 'चार्ज' भन्न जानेका थिए ।

'असती जिम्माल, राँगोको बीउ बेचेर खानु छ, अझ असती कुरा गर्छ,' फतफताउँदै बज्यै फेरि थोरेतिर आउनुभयो ।

'यिनीहरूको खलक नामका मात्र जिम्माल हुन् । जिम्माली हटेको ५० वर्षभन्दा बढी भइसकेको छ,' बज्यैले मतिर आएर उहाँले केही वर्ष अघिदेखि लेख्नुभएको एउटा अप्रकाशित पाण्डुलिपि दिनुभयो । एकैछिन बज्यैलाई हेरें र पाण्डुलिपि पढ्दै गएँ–

उतिखेर बाहुनले हलो जोत्नुहुँदैनथ्यो । हाम्रा बाहरूले हलो जोते । उनीहरू क्रान्तिमा लागेका थिए । जातभात मान्दैनथे । उपाध्याय ब्राह्मण, हाम्रा बाहरूले हलो जोतेपछि गाउँमा उनीहरूको पानी हटक गरियो । भातभान्सामा बारना गरियो । त्यसअघिसम्म हाम्री आमा गाउँभरि मर्दापर्दा रोटी र भतेर पकाउन नामी मानिनुहुन्थ्यो । पछि कसैले आमालाई चुलोचौकाको काममा लगाएनन् । आमा खुब रूनुहुन्थ्यो– 'राजासँग कुइनो ठोक्दा जातै गयो' भनेर ।

मलाई सम्झना छ– २००६ साल फागुनमा बाहरूले चुँदीको हाम्रो थाप्लेगरो जोत्नुभयो । उता बूढा मावली अर्चल्यानीतिर पनि मामाहरूले यसै वर्षको साउन ११ गते हलो जोत्नुभएपछि उहाँहरू कसैलाई पक्राउ गरियो, कोही भागे, कसैले झुक्यानमा परियो भनेर धनशमशेरलाई बिन्ती चढाएर माफी मागे । माफी पाए । एकदुई जनाले हलो जोतेका थिए । दसआठ जनाले समर्थन गरेका थिए । ठूलो समूह त्यसको विरूद्धमा थियो र भन्थ्यो– लौ असत भयो, यो वर्ष अनिष्ट हुन्छ । वंश विनाश हुन्छ । बाहुनले यस्तो कर्म गर्न नहुने मात्र होइन, हेर्न पनि हुन्न । बाहुनले जोत्न निषेध छ भनी उनीहरूले श्रीमद्‌भागवतको तृतीय स्कन्दमा लेखिएको श्लोक हलान्तं ब्रह्मवर्जसम् उच्चारण गर्दै हलो जोत्नेको परिवार अब बाहुन रहेन भन्थे ।

हलो जोत्नेका पक्षबाट पारसर गृहसूत्र उद्धृत गर्दै शयै कृष्ठे तथा क्षत्रै धान्यैश्च शयौ मर्जित तै, निपर्वेत पश्चज्ञाश्च, स्वकर्म कुशले द्विज अर्थात् आफ्नो खेतमा आफैंले जोतेर उब्जाएको अन्नद्वारा पञ्चयज्ञ गर्नु उत्तम ब्राह्मणको कर्म हो भनिएको थियो । तर यस्तो भनाइमा समाजले विश्वासै गरेन... ।

बज्यै छत्री मिलाउँदै जाडेलाई थोरेतिर ल्याउनुहुन्थ्यो । जाडे फेरि चर्दै कोदोतिर जान्थ्यो । बज्यैको अपहत्ते देखेर प्वाक्कै मेरो मुख खुल्यो, 'यस्तो काम पनि तपाईंको करमा हुन्छ ? आज जाडेलाई मन छैन... ।'

बज्यैका भागेरे अक्षर यति अशुद्ध थिए कि नबुझ्नु त छँदै थियो, कहीं त पढ्दा मूर्च्छा परेर हाँसिन्थ्यो । एक ठाउँमा त बज्यैले औषधिमूलोका लागि उनका हजुरबाले भन्दै आफूले टिपेको भनेर लेख्नुभएको रहेछ 'मगर्का चेली पठाऊ' यी शब्दको अर्थ लगाउन मलाई वर्षौं लागेको थियो । पाण्डुलिपि पढ्न गाह्रो भए पनि घटनाहरू कहीं हृदयविदारक, कहीं मनोरञ्जनात्मक, कहीं रहस्यात्मक, कहीं उत्तेजक र कहीं वैचारिक भएकाले मैले क्रमशः पढ्ने निश्चय गरेकी थिएँ ।

यस्ता धेरै वाक्य र शब्द मैले बज्यै जीवितै रहँदा उहाँबाट स्पष्ट गर्नु थियो ।

अहिले मलाई खेद भइरहेको छ । बज्यै बितेको पनि धेरै भयो ।

गए रात अचम्मै भयो । पटक्कै निद्रा लागेन । बज्यैलाई सम्झिइरहें । त्यो दिन बज्यैले जाडेलाई उत्तेजित गर्न सक्नुभएन । थोरेको बात फुस्कियो । मानिस जस्तो सदावहार रतिराग गर्दैनन् पशु । उनीहरूको एउटा निश्चित पिरियड हुन्छ– यौनसम्पर्क र गर्भाधानको । यसैलाई गाउँतिर 'बात' भनिन्छ । बातमा बाली नगए वस्तुभाउ थारिन सक्छन् । गाईभैंसी थारिनु भनेको एउटा सामान्य परिवारको मीठोमसिनो, तीजतिहार खल्लो हुनु हो । त्यसैले बज्यैले जाडेलाई जगाउन घोर परिश्रम गर्नुभयो । अथवा कुनै पनि स्त्री जातिले जन्मकर्मलाई निरन्तरता दिनुपर्छ भन्नेमा बज्यै चिन्तित हुनुहुन्थ्यो । अथवा प्राणीमा कामवासना हुनु सृष्टि निरन्तरताको एक पाटो हो भन्नेमा बज्यै संवेदनशील हुनुहुन्थ्यो । तर सम्भव भएन...। बज्यै, जाडे, काली थोरे र बज्यैको पाण्डुलिपि आाखामा घुमिरहे ।

उठेर पाण्डुलिपिका थप पाना पढ्न थालें–

'हलो काण्डपछि कतिपय भाउजूबुहारी घर आएनन् । कोही चारपाँच वर्षपछि आए । छोरीहरूको विवाह हुन सकेन । हामी तीन बहिनी थियौं । कोही पनि हामीलाई माग्न आएनन् । म र माइली पर सर्‍यौं । हाम्रो विवाह भएन । बा बितेपछि तनहुँतिरका हलो जोत्ने खनाल खलकका राँडो मलाई माग्न आएका थिए । यो शिवभट्ट ब्राह्मण जस्तो कपासै जस्तो फुलेकासँग म जान्ना भनेर यसै बसेकी हुँ...।

...यत्तिकैमा निदाएछु ।

दोस्रो दिन भने जाडे मात्तिएर थोरेतिर गयो । घुइँघुइँ ऊ थोरेमाथि चढेपछि बज्यैको अनुहार हँसिलो भयो । मलाई लाग्यो, यो सृष्टिको प्रकाश हो । सृष्टिको ताप र रापको सञ्चार कुन जीवित मानव मस्तिष्क र प्राणीमा हुँदैन ?

मैले बज्यैको अनुहारमा थोरे बाली जानुको अर्थशास्त्र मात्र पढेकी थिइनँ, बरू थोरे र जाडेको रँगमा उहाँको अनुहार र हाउभाउले मनोविज्ञानको संवाद बोलिरहेको पाएँ !

सेतो कपाल, गोरो निधार र गाला, पटुकाले टम्म कसिएको बज्यैको ज्यान । सोध्न मन लागेको थियो– बज्यै विवाह नगर्नुको अर्थ जोवन नआउनु हो र ? कि तपाईंलाई आएन जोवन ?

पचमुखा बज्यैले विवाह गर्नु र लोग्नेसँग सुत्नु मात्र प्रजनन धर्म हो भनेर सोधिदिइन् भने के भन्ने ? अफसोसले सोधिनँ । जाडे र थोरेलाई हेरें । उनीहरू दुवै मस्त थिए । बज्यै सन्तोष । मैले शिरदेखि पाउसम्म आफूलाई हेरेको देखेर बज्यैले भन्नुभयो, 'खै तँ थोरे हुन पाइनस्, न त आशिष जाडे नै भयो !'

मैले पनि सोधिदिएँ, 'बज्यै तिमी जीवनमा कहिल्यै थोरे भयौ र ?'

धारे हात लगाउँदै बज्यैले भनिन्, 'हामीलाई देखेपछि ठूला क्रान्तिकारी भन्ने राँगा र तिनका पाडा पनि थुरथुर !' बज्यैको अभिव्यक्तिमा मैले उहाँको तारूण्य वय, भाव र भोगाइ अनुमान लगाएँ, कति गाह्रो भयो उहाँलाई जोवन धान्न !

'ए बज्यै, थोरेको बिगौती खान दिन्छ्यौ नि ?' मैले उनको पाण्डुलिपिबाट आँखा झिक्दै सोधें ।

'खालिस् जैरी तैंले पनि त माउ भएर बिगौती खुवाउनुपर्दैन ?' अघिपछि जस्तै बज्यैले मलाई गिज्याइन् ।

केही भन्ने शब्दै पाइनँ । सहजताका लागि जिब्रो टोकिदिएँ ।

'ए बज्यै, तपाईंका बाहरू बदमास रहेछन् ।'

'किन ?'

'मगर्का चेली पठाऊ' भनेर मगरका चेलीमाथि गिद्धे नजर लगाउँदा रहेछन्,' पाण्डुलिपिको हरफ देखाउँदै भनें ।

'हैन लाटी ।'

'के हो त ?'

'लाटी, पेट जारेको बेला मकरकाँची (मकरकाँचे) औषधि हुने भएकाले 'मकरकाँची लिई पठाऊ' भनी लेख्नुपर्ने मैले नजानेर हो... ।'

बज्यै र म मरीमरी हाँस्यौं ।

उतिखेर छोरी पढाउन हुन्नथ्यो । तैपनि आन्दोलनकारी कांग्रेसले छोरी पढाएका थिए र यतिसम्म लेख्थिन् बज्यैले ।

थोरेको पेट बढ्दै आयो । म रोमाञ्चित हुँदै हेर्दै थिएँ । उसको पेटमा के छ होला ? पाडी जन्मिए हुन्थ्यो... । म थोरेलाई कन्याएको निहुँ गरेर पेटमा कान राखेर सुन्थें, के गर्दै होला उसको बच्चाले ? उसको कल्चौंडो पनि बढ्दै थियो । म आफ्नो छाती हेर्थें, चप्रक्कै सुकेका छन् !

मैले थोरेप्रति देखाएको स्नेहलाई बज्यै थप रोमाञ्चित भएर हेर्नुहुन्थ्यो ।

बज्यैले एक दिन मलाई सुताएर मेरो तल्लो पेट छाम्नुभयो र भन्नुभयो, 'हेर, काजी हुर्कनु र खेल्नुपर्ने बारी बाँझै छ । हैन, त्यो आशिष पनि यही जाडे जस्तै हो कि क्या हो लहडी ?'

'तँ अर्को जन्ममा मेरै घरको थोरे भएर जन्मिएस्,' लामो सास तान्दै बज्यैले भन्नुभयो । तर जाडे र उसले थोरेमाथि गरेको हर्कत देखेर मेरो मन डरले काँप्यो ।

म केही बोलिनँ ।

संवाद रोकिएसँगै बज्यैको पाण्डुलिपिमा आँखा लगाएँ । पाण्डुलिपिभित्र एउटा सानो चिर्कटोमा बज्यैको हस्ताक्षर थियो, यो मेरो गथासो पढ्नू, कसैलाई नसुनाउनू । आँत मिल्दालाई सुनाए पनि नछपाउनू... ।

मलाई यो चिर्कटोले रोमाञ्चित बनायो । अगाडि पढ्दै गएँ–

आफू सरहका सखेहरू अघिल्लो वर्ष श्रीमानसँग आउँथे, अर्को वर्ष बच्चा लिएर आउँथे । हराभरा जीउमा तीज नाचथे । म भने बाछोबाछी वा पाठापाठी लिएर निदाउँथें । कति दिन मैले पाठापाठीलाई हियरा चुसाएकी छु । समूहमा देख्दा लोग्ने मानिसहरू मलाई भक्तिनी जस्तो व्यवहार गर्थे । एक्लैदुक्लै भेट्दा प्यासी कुरा गर्थे । मलाई बलियो राँगो र गोरू देख्दा एक प्रकारको उत्तेजना हुन्थ्यो, म किन गाई र भैंसी भइनँ ? कहिलेकहीं त यस्तो लाग्थ्यो, तिनै राँगा वा गोरूलाई वरण गरूँ र यी लोग्ने मानिस खासगरी हलो जोत्न तर हामीलाई स्वीकार नगर्ने परिवार र उनका लोग्ने मानिसलाई चुनौती दिऊँ... ।

बज्यैको पाण्डुलिपि पढ्दै जाँदा मेरो आङमा काँडा उम्रन्थे ।

धेरै करपछि बज्यैले भनेअनुसार मैले हाम्रो खानपिनमा धेरै परिवर्तन गरें । हर दिन हामी अन्डा, मह, सिलाजित, गुदरगानो खान्थ्यौं । बज्यैले नै आशिषका लागि भनेर ३२ मसलाको पुवा बनाइदिनुहुन्थ्यो । त्यो हाम्रो खाजा हुन्थ्यो, पाएसम्म माछाको टाउको पनि ।

'मैले कति कुरा खुवाएर जाडेलाई मैमत्त बनाएकी हुँ ?' प्रश्न गर्दै बज्यैले भन्नुभयो, 'आइमाईमा लोग्ने मानिसलाई जगाउने र गलाउने सीप हुनुपर्छ ।'

'आज जाग्यो, आशिष ?' बज्यै एकदुई दिन बिराएर मलाई सोध्नुहुन्थ्यो ।

'अहँ,' म टाउको हल्लाइदिन्थें ।

मलाई असाध्यै माया गर्ने बज्यैले एक दिन निरस स्वरमा भन्नुभयो, 'तँ असफल आइमाई होस् । हेर जननाले चाहे भैंसीको छोरो राँगोलाई जगाएर थोरेलाई आमा बनाउन सक्छन् । आशिषलाई जगाउन सक्दिनस् भने ता सफल महिला होइनस् !'

थोरेको पेट बढ्दै जाँदा मलाई बज्यैका वचनले घोचिरहेका हुन्थे । त्यो थोरे ब्याउने भएपछि कति कमलो देखिएको थियो ! ऐनाले मेरो अनुहार खस्रो देखाउँथ्यो । रसिलो, भरिलो देखिन्छ, थोरेको ज्यान । म रूक्खासुक्खा, पातहीन वृक्ष जस्ती ! यौन साहित्यका थुप्रै पुस्तक ल्याएर आशिषलाई दिन्थें । पढिसकेर ऊ पुस्तकको कथ्य, भाषा, व्याकरण, शैली आदिबारे समालोचकीय धारणा व्यक्त गर्थ्यो । दर्जनौं समीक्षात्मक लेख प्रकाशित छन्, उसका ।

जाडे, थोरे, बज्यैका प्रसङ बेलाबेला आशिषलाई सुनाउँथें । मुसुमुसु हाँस्थ्यो मात्र ऊ । कहिलेकाहीं उसले मेरो नाक चिमोटिदिएको अनुभव छ ।

एक रात बज्यैले भन्नुभएको 'तँ असफल आइमाई होस्, हेर जननाले चाहे भने भैंसीको छोरो राँगोलाई जगाएर थोरेलाई आमा बनाउन सक्छन् । आशिषलाई जगाउन सक्दिनस भने तँ सफल महिला होइनस् !' मैले जस्ताको त्यस्तै आशिषलाई सुनाउँदा ऊ हाँसेर मूर्च्छा परेको थियो ।

'बज्यै पनि,' मात्र यति प्रतिक्रिया दिएको थियो उसले ।

एक दिन बिहानै काठमाडौंबाट फोन आयो । आशिष कथा प्रतियोगितामा प्रथम भएछ । मलाई त्यो कथा पढ्न हतार भयो । अहिलेको जस्तो सूचना प्रविधिको विकास भएको थिएन ।

आशिषले कथा बताइदिएन । 'आफैं पढ न,' उसले दिने उत्तर सधैं यस्तै हुन्थ्यो ।

उसले कथा लेखेर लुकाउन सक्ने जति सबै ठाउँ खोजिसक्दा पनि पत्तो लागेन । बजार पुगेर सोध्दा शनिबार छापिएको उसको कथा पढेको तर पत्रिका आफूसँग नभएको पसलेले बताए ।

केही दिनको निरन्तर करपछि आशिषले कथाको पाण्डुलिपि दिए । पात्र थिए, आकाश (प्रथम पुरूषमा), एउटा सुमारिएको खसी अर्थात् जरूवा बोके, बच्चा जन्माउन व्याकुल जस्ती बैला बाख्री जो हप्तैपिच्छे बोका खोज्छे । अरु एकदुई जना र आकाशसँगै क्याम्पस पढेकी साथी प्रमिला मुख्य महिला भूमिकामा ।

कथाको अन्त्यमा आकाशका तर्फबाट प्रमिलालाई लेखिएको चिठी थियो–

प्रमिला ! म तिम्रो कोखबाट एउटा होनहार समाजसुधारक बच्चा जन्मेको हेर्न चाहन्छु । जसले यो समाजका विकृतिविरूद्ध प्रतिरोधको झण्डा उठाओस् । जो हलो जोत्ने जनकलाई पुज्छ र हलो जोत्नेलाई तिरस्कार गर्छ, जो हलोको सियोमा जन्मेकी सीतालाई आदर्श महिला वा देवी ठान्दछ । तर हलो जोत्ने बाबुका छोरी अर्थात् बज्यैहरूलाई तिरस्कार गरेर विवाह गर्दैन, तिनको विरोधाभासमा धावा बोल्ने एउटा अराजक सन्तान तिम्रो कोखबाट जन्मियोस् भनी हृदयतः शुभकामना दिन्छु । तर तिमीलाई थाहा छँदै छ, म यस्तो बच्चा जन्माउन सक्दिनँ । तिमीलाई यो पनि थाहा छ, आन्दोलनका क्रममा पैतालामा लगाइएको विद्युतीय झड्काले मैले पुंसत्व गुमाएको छु ।

कथा पढ्दै जाँदा हातबाट पत्रिका भुइँमा खस्यो । म थचक्कै बसें । आशिष घरमा थिएन । उसलाई सोध्न पाइनँ, कथामा अनुभव छ कि अनुभूति ?

धेरै प्रयासपछि म सम्हालिएँ ।

आशिषको कथा सुनाउन नपाउँदै बज्यैको मृत्यु भइसकेको थियो । नपुंसक बनाइएको एउटा आन्दोलनकारीको कथा हलो जोत्ने बाबुकी दण्डित अविवाहित छोरीलाई सुनाउने धोकै रह्‌यो ।

न त बज्यैको पाण्डुलिपि नै छपाउन सकें ।

*सांभार: बाह्रखरी*


## लेखक वर्गमा अनुरोध

लेख, कविता, गजल, कथा, लघुकथा लेखेर पठाउन हुन लेखक महानुभावहरूमा अनुरोध गरिन्छ । रचना प्रकाशित निःशुल्क गरिने जानकारी गराईन्छ । साथै हरेक दिन प्रकाशित हुने समसामयिक विषयमा लेख र रचना पनि निम्न ठेगानामा पठाइ दिन हुन लेखक महानुभावहरूमा अनुरोध छ ।

**अनुमोदन राष्ट्रिय दैनिक**

# जनप्रतिनिधिमाथि कुटपिट

**अनुमोदन समाचार/धनगढी**

कैलालीको गोदावरी नगरपालिकामा जनप्रतिनिधिमाथि कुटपिट भएको छ । नगरपालिकाको वडा नम्बर १ मा बाटोको ग्राभेलको विषयमा भएको विवादमा वडा सदस्य कृतबहादुर चन्दमाथि कुटपिट भएको बताइएको छ ।

भरतपुर टोलको रामजानकी मन्दिर नजिकैको बाटोमा ग्राभेल गर्ने क्रममा स्थानीय केशवबहादुर बोहरा र सरस्वती बोहराले आफूलाई कुटपिट गरेको वडा सदस्य चन्दले बताए । उनले भने– हामी बाटो ग्राभेल गर्दै थियौं, एक्कासी आएर ममाथि कुटपिट भयो ।

उनले आफूमाथि कुटपिट भएपछि प्रहरीलाई खबर गरेको बताए ।

इलाका प्रहरी कार्यालय मालाखेतीका प्रमुख प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर बिष्टका अनुसार बोहरा बोहरा दम्पत्ति अस्पतालबाट घर आइरहेको बेलामा बाटोमा ग्राभेल हालेको विषयमा झगडा भएको थियो ।

प्रहरी नायव उपरीक्षक बिष्टले भने– बोहरा दम्पत्तिको भनाईअनुसार आफूहरू आइरहेको बाटोको खाल्डाखुल्डीमा ग्राभेल भइरहेको र आफुहरूलाई जान बाटो देउ भनेका थिए । यसै विषयमा उनीहरूको विवाद भएपछि बोहरा दम्पतीले वडा सदस्य माथि कुटपिट गरेका थिए ।

# रक्तदान कार्यक्रम

**अनुमोदन समाचार/धनगढी**

लायन्स क्लव अफ धनगढी नैनादेवीको आयोजनामा धनगढीमा रक्तदान कार्यक्रम भएको छ । रक्तदान कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा क्लवका अध्यक्ष सुरेश रमण पुरी, लायन्सहरू सिबी चन्द, जनकराज जोशी, चेतराज पनेरु, गोविन्द अधिकारी, प्रेम विसी, राजेन्द्र अग्रवाल, तिलक श्रेष्ठ, श्यामराज श्रेष्ठ, सुरेशराज खनाल, सम्झना अधिकारी, सागर भण्डारी लगायतको उपस्थिति रहेको थिए ।

# जन्मदिनको अवसरमा उवासंघ अध्यक्षद्वारा विभिन्न संघसंस्थालाई सहयोग

**अनुमोदन समाचार/धनगढी**

कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कावरले आफ्नो जन्मदिनको अवसरमा विभिन्न सामाजिक संस्थालाई पंखा र फलफूल वितरण गरेका छन् ।

अध्यक्ष कावरले आफ्नो जन्मदिनको अवसरमा शनिबार धनगढीस्थित आमाको माया छात्रावासलाई छ थान पंखा र मानव सेवा आश्रमलाई चार थान पंखा तथा फलफूल सहयोग गरे ।

उनले शनिबार नै धनगढीमा कार्यरत पत्रकारलाई स्वास्थ्य सामग्री समेत वितरण गरेका छन् ।

# आधारभूत सेवाबाट बञ्चित एउटा . . .

कलेजको जमिनमा बसेका मुक्तकमैयाको स्थायी व्यवस्थापन नभएकै कारण सेवा सुविधाबाट पनि वञ्चित हुनुपरेको छ ।

***तीन कोठे एक शौचालय***

गेटीको मुक्त कमैया शिविरमा ३७ घरपरिवारका दुई सय जना सदस्य रहेका छन । खानेपानी, विद्युतसंगै उनीहरूलाई दिसापिसाव गर्न शौचालयको व्यवस्था छैन ।

कैलालीलाई २०७५ साल बैशाखमा खुल्ला दिसामुक्त घोषणा गरिएको थियो । जिल्ला घोषणा भएको दुई वर्ष पुग्नै लाग्दा समेत यस वस्तीका मानिस खुल्ला ठाउँमा दिसापिसाव गर्न बाँध्य छन ।

गोदावरी नगरपालिकाले वस्तीलाईनै लक्षित गरेर तीन कोठे सार्वजनिक शौचालय निर्माण गरि दिएको छ । सो शौचालय वाटोमा आवत जावत गर्ने यात्रुहरूले समेत प्रयोग गर्न पाउन भनेर नगरपालिकाले निर्माण गरेको थियो । चर्पिमा बाहिरका मानिसले प्रयोग गर्दा पाँच रुपैया शौचको र १० रुपैया दिसाको तिर्नुपर्ने जनाइएको छ । सो मुक्त कमैया बस्ती दुई सय परिवारले पनि सोही शौचालय प्रयोग गर्दै आएका छन ।

स्थानीय रतरानी देवी चौधरीले भनिन –‘दुई सय परिवारले तीन वटा कोठाको शौचालय प्रयोग गर्नुपर्ने बाँध्यता हुँदा हामी नजिककै रहेको नालामा दिसापिसाव गर्नुपर्ने अवस्था रहेको छ ।’

स्थानीय ममतादेवीले भनिन –‘दुई सय जनाले तीनवटा मात्रै शौचालय प्रयोग गर्नुपर्दा समस्या भइरहेका बेला झन् कोरोना महामारीका बेला स्थानीयमा त्रास छाएको छ । विश्वव्यापी कोरोना महामारी भइरहेका बेला मुक्तकमैयाहरूले सार्वजनिक शौचालय प्रयोग गर्नुपर्दा कोरोनाको जोखिम निकै बढेको छ ।’

मुक्तकमैया बस्तीका लागि शौचालय, विद्युत र पानीका लागि माग गरे पनि सम्बन्धित निकायले कुनै चासो नदिएको शिविरकी अध्यक्ष रतरानी देवीले बताइन ।

स्थानीय सरकारले बताएको छ । उनीहरूको स्थायी बसोबासका लागि जिल्ला प्रशासनसाग पटक–पटक आग्रह गरिए पनि नभएकाले सुविधा दिन नसकिएको गोदावरी नगरपालिका ५ का अध्यक्ष कर्णासिंह बोहराले बताए । उनीहरूको व्यवस्थापन भए आवश्यक सुविधा उपलब्ध गराइने उनले स्पष्ट पारे ।

# किरा धपाउन गुरही . . .

चोकमा धनगढीमा बसोबास गर्ने थारु समुदायले साँझको समयमा औपचारिक कार्यक्रम आयोजना गरेर मनाएपछि यस वर्ष कोरोना भाइरसका कारण त्यसरी मनाउन पाएनन् । उनीहरूले त्यहाँ सीमित मान्छेहरू जम्मा भएर विधि अनुसार पुजा गरेर मनाएको सखी सञ्जालकी अध्यक्ष उन्नती चौधरीले बताइन् ।

थारु समुदायले यो पर्वलाई रोपाई पछिको र वर्षमै पहिलो चाडको रुपमा मनाउने गरेको उनले बताइन् । थारु समुदायले ‘गुरही’ बाटै वर्षको चाड मनाउन शुरु भएको विश्वास गर्छन् र कतिपय थारु गाउँमा यसै दिन रोपाई सकेको खुशियालीमा ‘हरडहुवा’ खाने पनि चलन थियो ।

यो पिटाईपछि डराएर विषालु किरा र सर्पहरू एक वर्षका लागि नफर्कने थारु समुदायमा विश्वास छ । यसका साथै किराहरूसंगै रोगव्याधीहरू पनि टाढिने विश्वास थारु समुदायमा रहेको थारु अगुवा प्रभातकुमार चौधरीले बताए । ‘यसरी पिटीरहेको ठाउँमा कपडाले बनाएको गाइने फाल्दा त्यसैसंग रोग पनि सतिजाने विश्वास छ,’ उनले भने, ‘थारु समुदायमा गाइने किरा (गुरही) लाई संकटको प्रतिकको रुपमा मान्ने गरिन्छ ।’

गुरही सेलाउनाले साना बालबालिकाहरूमा लागेको आँखा पाक्ने, ज्वरो आउने, खटिरा आउने, बान्ता हुने जस्ता रोग निको हुने विश्वास रहेको उनले बताए । गाउँमा भएको दु:ख, संकट वा दैविक, प्राकृतिक विपत्ती समेत टाढिने जनविश्वास रहेको उनले बताए ।

थारु अगुवा लाहुराम चौधरीले यस पर्वदेखि पृथ्वीको तापक्रम घट्ने भएकाले सर्प लगायतका विषालु किरालाई विदा गर्न यो पर्व मनाइएको बताए । उनका अनुसार जाडोमा सर्प र विषालु किराहरू कठ्यांग्रिएर मर्ने भएकाले उनीहरूलाई पटालमा बस्न पठाइएको हो ।

GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

# चुरे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, घरखेडा, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना अन्तरगत आ.व.२०७६।०७७ मा संचालन भएका योजना तथा क्रियाकलापहरु र बजेट तथा खर्च विवरण**

## बार्षिक वजेट विवरण:

| बार्षिक वजेट विवरण: | | | | | | |
|---|---|---|---|---|---|---|
| | बजेट शिर्षक : | नेपाल सरकार | फिनल्याण्ड सरकार/युरोपियन युनियन | गाउंपालिका | जम्मा | कैफियत |
| | पुंजीगत | ९,४६४,०००।०० | १९,९३९,०००।०० | ४,६६२,१४०।०० | ३१३७४०००।०० | |
| | चालू | २,०२१,०००।०० | ९,०६१,०००।०० | ( | ११,०८२,०००।०० | |
| | जम्मा : | ११४८५०००।०० | २९००००००।०० | ४६६२१४०।०० | ४५१४७१४०।०० | |

विस्तृत खर्च विवरण:

| खर्च शिर्षक | २ | सञ्चालन स्थल (वस्ती) | वर्तमान अवस्था | लाभान्वित संख्या (घरधरी/जनसंख्या/सहभागी) | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ३११५६ | साजगोठेरी काप्रापानी खा.पा. तथा सरसफाई योजना | चुरे २ सल्लेखोला खैराला | निर्माण सम्पन्न | ४६/२६८ | ४२२९५५।०० | |
| ३११५६ | अलैची जुकेपानी खा.पा.तथा सरसफाई योजना | चुरे ६ ढुङ्गेनी | निर्माणाधिन | १११/६२६ | ३७३२०००।०० | |
| ३११५६ | ढुङ्गेपानी खा.पा. तथा सरसफाई योजना | चुरे १ मिलनपुर | निर्माणाधिन | ५३/३१८ | ११७६०००।०० | |
| ३११५६ | बवेड शिवनगर खानेपानी तथा सरसफाइ योजना | चुरे १ शिवनगर बवेड | निर्माणाधिन | ४३/२९६ | १६६२३७९।०० | |
| ३११५६ | सिमलपानी मेलकट्टेश्वर बागछेडा खा.पा.यो. | चुरे ६ लाखी भावर, बहादुरे खाली | निर्माण सम्पन्न | ४९/३०८ | २९७१३८।०० | |
| ३११५६ | भैसीखर्क मालढूंगा छडीखोला खानेपानी तथा सरसफाइ योजना | चुरे २ कनकिडी | निर्माण सम्पन्न | ८६/६०८ | ७७७४७०।०० | |
| ३११५६ | डाडाखर्क कैनपानी, खानेपानी योजना | चुरे ६ कोट बीच ढुंगेनी झयांगखोली,पाथरी गहतछरे भगवती विद्यालय | निर्माण सम्पन्न | ५८/३६३ | ४९७४५५।०० | |
| ३११५६ | गिथडा,गौजेना, भालुखोला,जिब्रनी, रन्तोला, खानेपानी योजना | चुरे ६ गिथडा,गौजेना, भालुखोला,जिब्रनी, रन्तोला, | निर्माण सम्पन्न | ९५/५२९ | ११८४०७०।०० | |
| ३११५६ | बसर हल्दाडी खानेपानी तथा सरसफाई योजना | चुरे ३ बसर हल्दाडी | निर्माणाधिन | ५८/४०६ | २२५३२७१।०० | |
| ३११५६ | भित्रिखोला पल्लोपडपानी खानेपानी तथा सरसफाई योजना | चुरे ४ बन्दार, गाजरी राजबन | निर्माणाधिन | ९९/५३३ | ५७९८८५९।०० | |
| ३११५६ | भुसेपानी खानेपानी तथा सरसफाई योजना | चुरे ४ बाटेगडा | निर्माण सम्पन्न | ५३/३१८ | २१८८५८०।०० | |
| ३११५६ | टेडीबजार खानेपानी तथा सरससफाई योजना | चुरे ३ सहजपुर | निर्माण सम्पन्न | ३७/१९३ | ९३५३५७।०० | |
| ३११५८ | सरसफाइ तथा स्वच्छता प्रवर्धन चाङ्ग, जूठयान,निर्माण योजना | चुरे ५ | निर्माण सम्पन्न | ११४/६८४ | ३६६६६७।०० | |
| ३११७१ | सुधारिएको चुलो निर्माण योजना | चुरे १ र ४ | निर्माण सम्पन्न | २०० | २८२१८६।०० | |
| ३११७१ | परियोजना संचालित गाउपालिकामा १ वटा सुधारिएको घट्ट सहयोग | चुरे ४ मेलगैरा | निर्माणाधिन | १ | १०००००।०० | |
| ३११५५ | झुल्केखोला सिचाई योजना | चुरे ५ झुल्केपानी | निर्माणाधिन | १२/११६ | ८४४३८७।०० | |
| ३११५९ | भगवती मावि शौचालय निर्माण योजना | चुरे ६ कोट | निर्माणाधिन | १ | ५४३०००।०० | |
| ३११५९ | ग्वासी समैजी प्लाष्टिक टनेल निर्माण योजना | चुरे १ अलाउ | निर्माण सम्पन्न | ३०/१८६ | ७५३१७०।०० | ३० वटा टनेल घर निर्माण |
| ३११५९ | श्री केदार हाईटेक नर्सरी निर्माण योजना | चुरे १ निगाली | निर्माण सम्पन्न | ३०/१८६ | ४७७९०८।०० | |
| ३११५९ | निगाली कृषि सहकारी मार्फत मूल्य श्रृंखला लघु उद्यम प्रर्वद्धन | चुरे १ अलाउ | निर्माण सम्पन्न | ८५/५१० | ३९४४४३।०० | ३००० बोट सुन्तला र कागती सहयोग |
| ३११५९ | देउराली हाट बजार ढस निर्माण योजना | चुरे ५ | निर्माण सम्पन्न | १४०/८४० | ३३७९८५।०० | |
| ३११५९ | बगैचुला संकलन केन्द्र निर्माण योजना | चुरे ६ | | १००/६५० | ३९१९६४।०० | |
| ३११५९ | पालडी संकलन केन्द्र निर्माण योजना | चुरे १ | निर्माण सम्पन्न | २००/९५० | ३९६७४९।०० | |
| | पुंजीगत जम्मा | | | | २६२०४३६७।०० | |
| २२३११ | गाउपालिकालाई प्रशासनिक खर्च | गा.पा. | सम्पन्न | १ | ८३३२०।०० | |
| २२५२२ | विभिन्न सचेतना अभियान सशक्तीकरण तालिम गोष्ठी | गा.पा. स्तर र योजना स्तर | सम्पन्न | ४९४ | १७१९८५।०० | |
| २२४१९ | गाउँपालिका जलश्रोत अधिकृत परिचालन खर्च | गा.पा. स्तर | सम्पन्न | १ | ७२८०००।०० | |
| २२५२२ | सहयोगी संस्था परिचालन खर्च | गा.पा.स्तर | सम्पन्न | १ | ३२३१५५१।०० | |
| २२३११ | गाउँपालिका सहयोग इकाई खर्च | गा.पा.स्तर | सम्पन्न | १ | २०००००।०० | |
| २२५२२ | चरणबद्ध कार्य तालिका अनुसार योजना स्तरीय क्षमता विकास कार्यहरु चुरे गाउपालीका | योजना स्तर | सम्पन्न | १ | १९२८३५।०० | |
| २२५१२ | जिविकोपार्जन आयआर्जन तथा सहकारी सम्वन्धी तालिम गोष्ठी आदि | गा.पा.स्तर समुदाय स्तर | सम्पन्न | १ | १५९५६१५।०० | |
| २२५१२ | गाउँपालिका स्तरमा गरिने क्षमता विकास अनुगमन मूल्यांकन तालिम गोष्ठी आदि | गा.पा.स्तर | सम्पन्न | ५ | १३११९१७।०० | |
| | जम्मा चालु खर्च : | | | | ७५१५२२३।०० | |
| | कुल जम्मा खर्च : | | | | ३३७१९५९०।०० | |

खर्च सारांश

| | बजेट शिर्षक | नेपाल सरकार | फिनल्याण्ड/यूरोपियन यूनियन | गाउंपालिका | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | पुंजीगत | ९,४६४,०००।०० | १३,६६२,१३५।०० | ३,०७८,२३२।०० | २६२०४३६७।०० | ०।०० |
| | चालू | १,३७१,६८२।०० | ६,१४३,५४१।०० | ( | ७५१५२२३।०० | ०।०० |
| | जम्मा खर्च : | १०८३५६८२।०० | १९८०५६७६।०० | ३०७८२३२।०० | ३३७१९५९०।०० | ०।०० |
| | बार्षिक खर्च प्रतिशत् : | ९४ | ६८ | ६६ | ७५ | |

**“यो दस्तावेज युरोपेली संघ र वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्ड समेतको आर्थिक सहयोगमा उत्पादन गरिएको हो । यसमा व्यक्त गरिएका दृष्टिकोणहरुले युरोपेली संघ वा वैदेशिक मामिला मन्त्रालय, फिनल्याण्डको आधिकारिक धारणा प्रतिबिम्बित गर्दैन ।”**

Technical Assistance

FCG INTERNATIONAL

## तपाईंको आजको दिन

**मेष** : (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । वस्त्र लाभपनि हुनेछ ।

**मिथुन** : (का,कि,कु,घ,ङ,छ,के,को,हा)
धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । भौतिक साधन जुटाउने समय छ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ ।

**सिंह** : (मा.मि.मु.मे.मो.टा.टि.टु,टे)
भाग्यले विभिन्न अवसर जुराउनेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ मिल्नेछ । मुद्धा मामिलामा सफलता मिल्नेछ ।

**वृश्चिक** : (तो.ना,नि,नु,ने,नो,या,यी,यु)
आजको दिन गरेका काममा ढिलासुस्ती हुनेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ संयम रहनु होला । दिनको उत्तरार्धमा अधिक धन खर्च हुनेछ ।

**मकर** : (भो,जा,जि,खि,खो,खे,गा,गि)
वद्या र बुद्धिको विकास हुनेछ । सजिलै अरुको विश्वास जित्न सकिनेछ । आकस्मिक धन लाभ हुनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।

**कन्या** : (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)
ाज मनमा हर्ष,उमङ्ग र उत्साह छाउला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ ।

**वृष** : (इ,उ,ए,ओ,वा,वी,वे,वु,वो)
शुभकार्यको चर्चा चल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । आर्थिक क्षेत्र मजबुत हुने देखिन्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** : (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
समय प्रतिकुल भई कुलतमा मन जानेछ । घर परिवारमा झैं-झमेलाको अवस्था आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला ।

**तुला** : (र,रि,रु,रे,रो,ता,ति,तु,ते)
आज धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । राज्यबाट मानसम्मान मिल्नेछ । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वाहान सुखपनि मिल्नेछ ।

**धनु** : (यो,ये,मा,भि,भु,ध,फा,ढ,भे)
आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिन छ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**कुम्भ** : (गु,गे,गो,सा,सि,सु,से,सो,द)
अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आँटेको र ताकेको कार्य पुरा हुनेछ । धार्मिक/सांस्कृतिक सभा-समारोहमा सरिक हुने अवसर मिल्नेछ ।

**मीन** : (दी,दु,थ,झ,ञ,दे,दो,चा,चि)
स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको भलाइका लागि दौडधूप गर्नु पर्नेछ । घरायसी विवाद बढ्नेछ । चोटपटकपनि लाग्न सक्नेछ ।

# यातायात सेवा कार्यालयको माग गर्दै प्रदर्शन



अनुमोदन समाचार/धनगढी

कैलालीको लम्कीमा यातायात सेवा कार्यालय स्थापनाको माग गर्दै शनिबार प्रदर्शन गरिएको छ । यातायातसँग सम्बन्धीत काम गर्न धनगढी धाउनुपर्ने बाध्यता रहेको भन्दै त्यहाँका व्यापारी, राजनीतिक दल तथा युवाहरू प्रदर्शनमा उत्रिएका छन् ।

लम्कीमा सेवा कार्यालय सञ्चालनका लागि दवाव दिन गत मंगलबार संघर्ष समिति गठन गरिएको थियो ।

समितिकै अगुवाइमा शनिबार दिउँसो लम्कीमा प्रदर्शन गरिएको हो । संघर्ष समितिका संयोजक यज्ञरुप बुढाले टीकापुर, मोहन्याल र सुखड क्षेत्रका नागरिकका लागि लक्की उपयुक्त ठाउँ भएकाले यातायात व्यवस्थाको सेवा कार्यालय सञ्चालन गर्नुपर्ने बताए । उनले भने, 'लम्की क्षेत्रमा सबै प्रकारका सेवाहरू छन् । तर सवारी नविकरणका लागि धनगढी जानुपर्ने बाध्यता छ । सेवा कार्यालय लम्कीमा स्थापना हुनुपर्छ भन्ने हाम्रो माग हो ।'

उनले धनगढी जान टाढा पर्ने र समय खेर जाने भएकाले यातायात कार्यालय लम्कीमै स्थापना हुनुपर्नेमा जोड दिए । प्रदर्शनकारीहरूले कार्यालय मागको लागि धनगढी आउने योजना रहेको बताए । आफना माग राख्दै प्रदेशका मुख्यमन्त्री र भौतिक पूर्वाधार विकास मन्त्रीलाई ज्ञापनपत्र समेत दिने संघर्ष समितिका संयोजक यज्ञ बुढाले बताए ।

## बालक हत्या घटनामा थप एक पक्राउ

अनुमोदन समाचार/धनगढी

डडेल्धुराको आलिताल गाउँपालिका वडा नम्बर ६ मा खानेपानीको विषयमा विवाद हुँदा बालकको हत्या घटनामा थप एक जना अभियुक्त पक्राउ परेका छन् । पक्राउ पर्नेमा वडा नं ६ मेलखालीकी ४७ वर्षीया जयमती खड्का रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीले हालसम्म जाहेरीका आधारमा मेलखालीकै ३० वर्षीय टीकाराम ओली, ५५ वर्षीया निरु भन्ने निरबहादुर ओली, १९ वर्षीय भीमबहादुर खड्का, ३३ वर्षीय हरिकृष्ण भाट, १९ वर्षीय लाले भन्ने लालबहादुर खड्का, ४८ वर्षीया पम्फा ओली, २९ वर्षीया अमृता ओली, ४८ वर्षीय कलु खड्का, ३० वर्षीया रिमा ओली, १९ वर्षीया तुल्सी ओली र ३१ वर्षीया पवित्रा ओलीलाई पक्राउ गरेको छ ।

पक्राउ परेका उनीहरूमाथि अनुसन्धान भइरहको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानले बताए । गत असार २६ गते खानेपानीको विषयमा भएको विवादपछि झडपमा परी गणेश महराका सात वर्षीय छोरा हिमांशुको मुत्यु भएको थियो । झडपका बेला उनको मुखमा ढुङ्गाले चोट लागेको थियो । घटनापछि घाइते भएका उनको उपचारका क्रममा २७ गते बिहान कैलालीको सारथी अस्पतालमा मृत्यु भएको थियो ।


**धनगढी उप-नगरपालिका**
**नगर कार्यपालिकको कार्यालय**

**नगरबासीमा हार्दिक अपील**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) फैलिन नदिन उच्च सतर्कता अपनाउनु आवश्यक छ। यसको जोखिमसंग जुँध्न चुस्त बन्दोबस्त गरिएन भने त्यसले ठूलो मानवीय क्षति निम्त्याउने खतरालाई बुझेर उपमहानगरको श्रोत साधनले भ्याएसम्म सतर्कता, चेकजांचमा जुटेको व्यहोरा सादर निवेदन गर्दछौं ।

सतर्कता, कोभिड १९ को चेकजांच र कार्यमा सबै क्षेत्रबाट सहयोग पुगिरहेको छ । अझैपनि उमहानगरपालिका आआफ्नो ठाउँबाट सहकार्य र समन्वयलाई निरन्तरता दिनहुन राजनितिकदल नगरबासी, स्थानीय प्रशासन र राष्ट्र सेवक सुरक्षाकर्मीहरु, नेपाल रेडक्रस सोसाईटी धनगढी,ब्यापारी लगायतका सामाजीक संघसंस्थाहरु संग समेत हार्दिक अपिल गर्दछ ।

सरकारले कोभिड१९ (कोरोना भाईरस) को संक्रमण फैलन नदिन बैशाख १५ गते सम्मका लागि सिंगो देश लकडाउन गरेको छ। सरकारले निर्णयको पालना गर्न सम्पूर्ण नगरवासीमा अनुरोध गर्दछौं । अहिले खाद्यान्न र तरकारीका पसल बन्द रहेकाले अतिआवश्यक दैनिक उपभोग्य बस्तुको होम डेलिभरी गरि दिनहुन उद्योग वाणिज्य संघ कैलाली, किराना ब्यावसायी संघ कैलाली, दुग्ध ब्यावसायी, तरकारी ब्यावसायी लगायतका सबैमा आग्रह गर्दछौं ।

भारत र तेश्रो मुलुकहरुबाट फर्किएका आफ्नै परिवारको सदस्य भएपनि २१ दिन सम्म घरमा छुट्टै राख्न , रुमाल, लत्ताकपडा लगायतका बस्तुहरुबाट सजिलै भाइरस सर्नसक्ने भएकाले एक अर्कोलाई प्रयोग गर्न नदिन अनुरोध गर्दछौं । लकडाउनका कारण छाक टार्न समस्या भएका परिवारले सम्बन्धीत वडाका वडा अध्यक्ष, स्थानीय प्रशासन र नेपाल रेडक्रस सोसाईटीका प्रतिनिधीहरु संग समन्वय गरेमा सम्बन्धीत ठाउँमा नै खाद्यान्न उपलब्ध गराउने ब्यबस्था गरिएको जानकारी गराउन चाहन्छौं । खाद्यान्न खरिद गर्न सक्ने, जगेडा खाद्यान्न भएको परिवारलाइ राहात नलिन र लिएको पाइएमा कडा कार्वाही गरिने ब्यहोरा अवगत गराउँछौं ।

साथै कोरोनाको जोखिमबाट बच्नका लागि मास्कको प्रयोग गर्न, पटक पटक साबुन पानीले हात धुन, सरसफाइमा ध्यान दिन र ज्वरो आउने, थकाई लाग्ने, सुख्खा खोकी लागिर हेमा स्वास्थ्यकर्मीको परामर्श लिन सबैमा हार्दिक आह्वान गर्दछौं ।

**सुशीला मिश्र भट्ट**
**नगर उपप्रमुख**

**नृपबहादुर वड**
**नगरप्रमुख**



**विशेष छुटका साथ**

**अब चौधरी फेसन टेलर्समा**

हाम्रो यहाँ जुनसुकै किसिमका कोटपाईन्ट, सर्ट, आसकोट, दाउरा सुरुवाल, जुहारी कोट, टाई, टोपीहरू सिलाउनुका साथै स्कुल ड्रेस, क्याम्पस ड्रेस, निजामती कर्मचारीहरूको ड्रेस तथा थान कपडाहरू सुपथ मूल्यमा विक्री गर्नुका
साथै सिलाई पनि गरिछ ।





रेडिमेट कोटपाईन्ट तथा क्याम्पस ड्रेस कोटपाईन्ट मात्र रु. ३५००।- मा

प्रो. विष्णु चौधरी
(९८४८४७१३४६)

**चौधरी फेसन टेलर्स**
धनगढी उपमहानगरपालिका (जिप्रका पुल नजिक)



**सामाजिक विकास मन्त्रालयद्धारा जनहितमा जारी सन्देश**

# कोभिड-१९ का मुख्य लक्षणहरू




*नोवेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउँको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।

खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।

पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

**सामाजिक विकास मन्त्रालय**
सुदूरपश्चिम प्रदेश
नीति, कानुन, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा








**एडुपल नेपाल विशेष तयारी कक्षा**

- नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड
- शाखा अधिकृत, ना.सु., खरिदार, महिला विकास
- प्रहरी निरीक्षक(इन्सपेक्टर), प्र.सहायक निरीक्षक, (अ.स.ई.), प्रहरी जवान, नेपाली सेना
- अ.हे.व., अ.न.मी., H.A., STAFF NURSE
- SEE ब्रिजकोर्ष
- Korean Language Class

**लोक सेवा तयारी कक्षा प्रशिक्षकहरूको नाम**

डा. टोकराज पाण्डेय | गोकर्णप्रसाद उपाध्याय | बद्रीप्रसाद कार्की
सुभाष अर्याल | विकास अधिकारी

- नेपालकै प्रख्यात लेखकतथा विज्ञहरूबाट कक्षा सञ्चालन
- विगतका परीक्षाहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल
- होस्टेलको व्यवस्था भएको

कक्षा सञ्चालन : विहान र बेलुका

**Edupal Nepal**
The Complete Education & Training Hub
Ratopool, Dhangadhi,kailali,
Tel: 091-523368


अनुमोदन दैनिकका लागि प्रकाशक/कार्यकारी सम्पादकः प्रकाशविक्रम शाह, प्रबन्ध सम्पादकः भरत शाह , सह-सम्पादकः श्रवण देउवा, कार्यालयः पार्कमोड, धनगढी, कैलाली
फोन नं. ०९१-५२४३४८/५२५७६३, Email: anumodan.daily@gmail.com, Website: www.anumodankhabar.com, मुद्रणः समैजी अफसेट प्रेस, धनगढी, प्रधान सम्पादकः मनमोहन स्वाँर